जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १६२ २०८१ साल माघ ११ गते शुक्रबार (24 Jan. 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : ओफेलको कवड्डी व्यावसायिक... ३ पृष्ठमा : प्रयागराज महाकुम्भ मेला : ... ३ पृष्ठमा : रेल दुर्घटनामा परी ...

## कलेज जादै गरेकी किशोरी बलात्कृत

## प्रतिकार गर्दा हात टुटाइयो

**दैनिक समाचारदाता**
**राजविराज, १० माघ ।**

सप्तरीको विष्णुपुर गाउँपालिका ७ की १५ वर्षिया किशोरीलाई कलेज जाँदै गरेको अवस्थामा गाउँ कै एक यूवाले बलात्कार गरेका छन्।

किशोरी बुधवार विहान ६ बजेतिर साईकल चढेर कलेजतर्फ जादै गरेको अवस्थामा सोही पालिकाको वडा नं १ बस्ने १९ वर्षिय अकलेश कुमार मण्डलले बलात्कार गरेका हुन्।

मण्डलले ती युवतीलाई कोशी नहरको डिलमा पुऱ्याएर बलात्कार गरेको प्रहरीले जनाएको छ। प्रतिकार गर्न खोज्दा मण्डलले ती किशोरीको बायाँ हात समेत टुटाइदिएका छन्।

विहान बाक्लो हुस्सु लागेको र एकान्त स्थल देखेर पहिलेदेखी नै लुकेर बसेका मण्डलले साइकल रोकेर किशोरीलाई डरत्रास देखाई नहर किनारमा लगी बलात्कार गरेको प्रहरीको अनुसन्धानमा खुलेको छ।

पीडित किशोरी गाउँबाट करिब ४ किलोमिटर टाढा रहेको सदरमुकाम राजविराजस्थित वर्ल्ड भिजन क्याम्पसमा कक्षा ११ मा अध्यनरत छिन्।

उक्त अपराधमा संलग्न मण्डललाई बुधवारै साँझ गाउँबाट पक्राउ गरिएको र विहीवार सप्तरी जिल्ला अदालतबाट ५ दिनको म्याद लिएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए।

## गजेन्द्रनारायण सिंहको सम्झना




**दैनिक समाचारदाता**
**राजविराज, १० माघ ।**

मधेशी अधिकारका लागी संगठित अभियानको सूरुवात र नेतृत्व गरेका नेता गजेन्द्रनारायण सिंहको राजनीतिक योगदान बारे बिहीबार सम्झना गरिएको छ।

उनको २४ औं स्मृती दिवसको अवसरमा विभिन्न राजनीतिक दलका नेता कार्यकर्ताहरुले उनलाई सम्झिदै योगदान बारे चर्चा गरेका हुन्।

राजेन्द्र महतो नेतृत्वको नवगठित राष्ट्रिय मुक्ति पार्टीको अगुवाईमा विभिन्न कार्यक्रमको आयोजना गरी २४ औं स्मृती दिवस मनाएको हो।

उक्त अवसरमा राष्ट्रिय मुक्ती पार्टीका साथै जसपा, लोसपा र जनमत पार्टीका नेता कार्यकर्ताले स्थानीय गजेन्द्र चौकमा उनको शालिकमा माल्यार्पण गर्दै श्रद्धासुमन अपर्ण गरेका छन्।

विहीवारै राष्ट्रिय मुक्ती पार्टी सप्तरीले उधोग बाणिज्य संघको सभाकक्षमा "गजेन्द्रनारायण सिंहको चिन्तन र मधेशको भावी कार्यदिशा" विषयक विचार गोष्ठी कार्यक्रमको आयोजना समेत गरेको छ।

राष्ट्रिय मुक्ती पार्टी सप्तरीका संयोजक दिपेन्द्र कुमार चौधरीको अध्यक्षता तथा संविधान सभा सदस्य महेश प्रसाद यादवको प्रमुख आतिथ्यमा आयोजित विचार गोष्ठीमा राष्ट्रिय मुक्ती पार्टीका केन्द्रीय नेता राजेन्द्र कुमार मण्डल, गजेन्द्र कुमार सिंह यादव, राजनारायण साह, केशव शर्मा, ज्योतिष मिश्रा, सैशव मिश्रा, जसपा नेता विकास तिवारी, किशोर यादव केसी, विद्यार्थी नेता शम्भु यादव, सुमन चौधरी, रामविलास साह लगायतले स्व. गजेन्द्रनारायण सिंहको राजनीतिक योगदानको चर्चा गर्दै उनकै विचार र चिन्तनको जगमा मधेशवादी दलहरु मिलेर अघि बढ्नु पर्नेमा जोड दिएका थिए।

## मुख्यमन्त्री र मन्त्रीको पुत्दा दहन



**दैनिक समाचारदाता**
**जनकपुर, १० माघ ।**

मगही भाषा अभियन्ता तथा विभिन्न राजनीतिक दलका युवाहरुले मधेशको प्रदेशसभा अगाडि मुख्यमन्त्री र मन्त्रीको पुत्दा दहन गर्दै भाषा सम्बन्धनमा ल्याइएका विद्येयक सच्याउन मांग गरेको छ।

मगही भाषाका समाचार वाचक र अभियानी समेत रहेका फुलगेन मगही सहितका अभियन्ताहरुको एक समुहले मधेशकी शिक्षा तथा संस्कृती मन्त्री रानी शर्मा तिवारीले बुधवार प्रदेशसभामा प्रस्तुत गरेको विद्येयक अन्यायपूर्ण रहेको बताउदै नसच्चाईए कडा विरोधमा जाने चेतावनी दिएका छन्।

विरोध पछि प्रदर्शनकर्तालाई भेटन आएका मधेशका भौतीक पुर्वाधार विकास मन्त्री सरोज यादवले बुधवार प्रस्तुत भएको विद्येयकमा त्रुटीहरु देखिएको र धेरै मन्त्री तथा सांसदहरु समेत विरोधमा रहेकाले आफुहरु फिर्ता लिएर सच्चाएर पुनः प्रस्तुत गर्ने तयारी थालेको बताएको मगहीले बताए।

विद्येयकमा थारु भाषालाई समेत नसमेटिएको भन्दै थारु सांसद र मन्त्रीहरुले नै विरोध जनाइसकेको छ। उर्दु भाषीहरु पनि विरोधमा छन्। नेपालको जनगणना २०७८ को तथ्याङ्क केहि देखाएपनि मगही अभियन्ताहरु त्यसलाई गलत र नियोजित भन्दै २० लाख भन्दा बढि मानिसले बोल्ने भाषा मगही नै रहेको र गलत किशिमले प्रस्तुत गरिएको दावी गरिरहेका छन्।

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा ६२ वटा भाषा बोलिन्छन्। तीमध्ये सर्वाधिक जनसंख्याले बोल्ने मातृभाषा मैथिली हो। यसले कुल जनसंख्याको ४१.७३ प्रतिशत ओगटेको छ। दोस्रो स्थानमा भोजपुरी (१८.८१ प्रतिशत), तेस्रो स्थानमा बज्जिका (१८.४४ प्रतिशत), नेपाली (५.७६ प्रतिशत), थारु (४.१७ प्रतिशत), उर्दु (४.०८ प्रतिशत), मगही (३.५२ प्रतिशत), र तामाङ (१.६५ प्रतिशत) छन्।

*बाँकी दुई पृष्ठमा*

## महिला प्रदेशसभा सदस्यहरुको गुनासो : महिला भएकै कारण विभेद

धनुषा, १० माघ (रासस)।

मधेस प्रदेशसभाका महिला प्रदेशसभा सदस्यहरुले महिला भएकै कारण विभेद हुने गरेको गुनासो गरेका छन्।

लैङ्गिक संवेदनशील संसदीय रिपोर्टिङ्गसम्बन्धी तीन दिवसीय कार्यशालाको समापन कार्यक्रममा बोल्दै बिहीबार महिला प्रदेशसभा सदस्यहरुले सदन बाहिर तथा सदनभित्र दुवै स्थानमा आफूहरुमाथी विभेद हुने गरेको दुखेसो गरेका हुन्।

मधेस प्रदेशसभाका उपसभामुख बबिता राउत इसरले भन्नुभयो, "महिलाले राजनीतिमा अवसर पाउन सजिलो छैन। म लामो सङ्घर्ष पश्चात नै राजनीतिमा अवसर पाएको हुँ।" उहाँले महिलाहरुको राजनीतिमा सङ्ख्यात्मक उपस्थिति बढेपनि त्यसलाई गुणात्मक उपस्थितिमा बदल्न सञ्चार जगतको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो।

सो कार्यक्रममा प्रदेशसभा सदस्य किरण साहले प्रदेशसभा सदस्य शाहिदा खातुनमाथी भएको आक्रमणको विषयमा मिलेर आवाज उठाउनुपर्ने बताउनुभयो।

प्रदेशसभा सदस्य एवं नेपाली कांग्रेसका सचेतक

*बाँकी दुई पृष्ठमा*

**अनलाइन ठगी हुनबाट बचौं**

- अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ,
- अपरिचित व्यक्तिलाई आफ्नो इमेल वा अन्यको पासवर्ड, बैंकको युजर जस्ता संवेदनशील सूचना नदिऔं,
- बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,
- आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,
- अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर व्युरामा उजुरी वा जानकारी गराऔं,
- अनलाइन ठगीवारे सवैलाई जागरुक गराऔं,
- अनलाइन ठगी साइवर अपराध हो, यसवाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ओझेलको कबड्डी व्यावसायिकतातर्फ

**राजु सिलवाल**

काठमाडौँ, १० माघ (रासस)।

नेपाल सरकारले भलिबललाई राष्ट्रिय खेल घोषणा गरेको केही बर्ष भइसकेको भएता पनि अझै कतैकतै कबड्डीलाई राष्ट्रिय खेल भनि चर्चा गर्ने गरिएको सुनिने गरिएको छ। नेपालमा कबड्डी खेल्नेको सङ्ख्या कम छैन। धेरैले स्कूल पढदादेखि नै कबड्डीको खेलको अनुभव हासिल गरेका हुन्छन्। नेपालका तराई क्षेत्रका साथै मध्यपश्चिम र सुदूरपश्चिममा कबड्डी खेल्नेको सङ्ख्या अत्यधिक भएता पनि यो खेलले कहिल्यै प्राथमिकता पाउन सकेन। सधैं ओझेलमा पर्दै आएको कबड्डी खेलमा पहिलोपटक सहभागी सबै खेलाडीले पारिश्रमिक लिएर खेल्ने अवसर पाएका छन्। नेपालमा खेलिने गरिएको खेलहरुमध्ये पुरानो खेल भएता पनि कबड्डी खेलको पहिलोपटक व्यवसायिक अभ्यास हुने भएको छ। राष्ट्रिय खेलको रुपमा आधिकारिक मान्यता पाउन नसकेको कबड्डीको नेपाल लिग हुने भएको हो।

नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट नेपालमा व्यवसायिक खेलको बिकासका लागि महत्वपूर्ण प्रतियोगिता साबित हुँदै समाप्त भएलगत्तै कबड्डी खेलमा पनि व्यवसायिक अभ्यासको अध्याय प्रारम्भ हुँदैछ। नेपालमा फेन्चाइज प्रतियोगिता क्रिकेट, फुटबल र भलिबलपछि नेपाल कबड्डी लिग (एनकेएल)को पहिलो संस्करण यही माघ ४ गतेदेखि माघ १८ गतेसम्म काठमाडौंमा डबल राउण्ड रोबिनको आधारमा सञ्चालन भइरहेको छ। एनपिएल क्रिकेटमा जस्तै कबड्डीको प्रतियोगितामा सहभागी हुने विभिन्न शहरका छ टिमका लागि नेपालमा स्थापित भएका खेलाडीहरुलाई मार्की खेलाडीका रुपमा छनोट गरिएको थियो। प्रतियोगितामा नेपालमा विभिन्न ६ वटा शहरहरुको प्रतिनिधित्व गर्दै बिराटनगर ब्यान्डिटस, जनकपुर नाईटस, काठमाडौँ माभरिक्स, पोखरा लेकर्स, हिमालयन रेड्डर्स तथा धनगढी वाईल्ड टिम सहभागी हुदैछन्।

प्रत्येक टिममा १४ जना खेलाडी रहेका छन्। सबै टिमले बढीमा चार जनासम्म विदेशी खेलाडी खेलाउन पाउने छन्। ती टिमहरुका लागि ड्राफ्टद्वारा कूल १२० जना नेपाली खेलाडीमध्ये ८४ जनालाई छनोट गरिएको थियो। यसपालि विभिन्न मुलुकका २५ खेलाडीमध्ये १८ जना छनोटमा परेर एनकेएल खेल्दैछन्। यसमा बंगलादेश, केन्या, श्रीलङ्का तथा थाइल्याण्डलगायतका खेलाडी छन्। विभिन्न टिममा नेपालीसहित भारतीय प्रशिक्षक संलग्न भएका छन्। यसमध्ये एक मात्र नेपाली महिला प्रशिक्षक पार्वती राई पनि छिन्। उनकै प्रशिक्षणमा गत १९औं एशियाली खेलकुदमा नेपाली महिला कबड्डी टिमले कास्य पदक प्राप्त गरेको थियो। नेपालको खेलकुद बिकासका लागि निजी क्षेत्रको महत्वपूर्ण योगदान रहदैं आइरहेको छ। कबड्डी खेलको बिकास र विस्तार एवं व्यावसायिकतातर्फ अगाडि लैजानेकार्यका लागि एनकेएल प्रतियोगिता उपलब्धिमूलक हुने अपेक्षा गरिएको छ।

**पहिलोपटक पारिश्रमिक**

एनेएल प्रतियोगिताले कबड्डी खेलेर पनि नेपालमा आत्मनिर्भर बन्न सकिने सन्देश दिन खोजेको छ। प्रतियोगितामा खेलिरहेका सबै खेलाडीलाई उनीहरु आवद्ध क्लबहरुले पारिश्रमिक प्रदान गर्दैछन्। नेपालमा कबड्डी खेलाडीहरुले खेल्नकै लागि पारिश्रमिक पाएको यो पहिलोपटक हो। नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीजस्ता विभागीय टोलीमा आबद्ध खेलाडीबाहेक अन्य कबड्डी खेलाडीले यसअघि विदेशमा प्रतियोगिता खेल्न जाँदा पाएको सीमित दैनिक भत्ताबाहेक कहिल्यै पारिश्रमिक पाएका थिएनन्। खेलाडीहरुलाई उनीहरुको खेल क्षमताको आधारमा ए, बि र सी श्रेणीमा विभाजन गरी पारिश्रमिक निर्धारण गरिएको छ। खेलमा पहिचान बनाइसकेका महत्वपूर्ण खेलाडीहरुलाई मार्की खेलाडीका रुपमा अन्य खेलाडीलाई भन्दा बढी पारिश्रमिक दिइएको छ।

**व्यापारिक क्षेत्रको झुकाव**

एनकेएल प्रतियोगिताको आयोजना निजी क्षेत्रको एस्ट्रोनेक्स म्यानेजमेण्टले गरेको हो। प्रतियोगिता आयोजनाका लागि आयोजकले करिब रु तीन करोड खर्च गरेका छन्। बेगानीले यो प्रतियोगिताको आयोजना गर्दा तत्काल लाभभन्दा पनि कबड्डी खेललाई व्यावसायिक रुपमा अघि बढाउने लक्ष्य राखिएको छ। प्रतियोगिता आयोजना गर्न अखिल नेपाल कबड्डी संघसँग आगामी १० बर्षका लागि सम्झौता गरिएको छ।

प्रतियोगितामा सहभागी हुने छ वटै टिम नेपालका कर्पोरेट हाउसले किनेका छन्। प्रत्येक टिमले ५० लाख रुपैयाँभन्दा बढी खर्च गरेको जनाइएको छ। सहभागी सबै खेलाडीका साथै प्रशिक्षकलाई केही दिनदेखि काठमाडौंमा विभिन्न होटलमा राखिएको छ। उनीहरुका लागि सम्पूर्ण सामग्रीको व्यवस्था टिमका तर्फबाट ब्यहोरिएको छ। प्रतियोगिताका प्रारम्भिक वर्षमा केही लाभ हुनसक्ने अवस्था देखिदैंन्। तर त्यसपछि हुने आर्थिक लाभ तथा प्रतियोगिता सफलतापछिको सन्तुष्टि महत्वपूर्ण मानिएको छ।

**विदेशीसँग सिक्ने अवसर**

यो प्रतिगितामा नेपाली तथा विदेशी खेलाडीले एउटै टिममा रहेर खेल्दैछन्। यसबाट नेपाली खेलाडीहरुले नयाँनयाँ शैली सिक्ने अवसर पाउने छन्। विभिन्न देशबाट आएका अनुभवी खेलाडीहरुसँग एउटै टिममा बसेर खेल्न पाउनु नेपाली खेलाडीहरुका लागि महत्वपूर्ण मौका हो। यसबाट भविश्यमा नेपाली खेलाडीलाई पनि विदेशी टिममा खेल्न जाने अवसरको ढोका खोलिने अपेक्षा गर्न सकिन्छ। प्रत्येक टिममा रहेका चार जना विदेश खेलाडीसँगको सहकार्यबाट नेपाली खेलाडीहरुले नयाँ सीप सिक्ने छन्। जसले आगामी दिनमा नेपालको कबड्डी टिमलाई बलियो बनाउनुका साथै स्वयम आफू पनि व्यावसायिक खेलाडीका रुपमा अन्तर्राष्ट्रिय टिममा प्रवेश पाउन लागि यो उपयुक्त मार्ग बन्न सक्नेछ। भारतबाट आएका प्रशिक्षक तथा प्राविधिक अधिकारीहरुबाट पनि नेपाली प्रशिक्षक तथा अन्य प्राविधिकले नयाँ ज्ञान तथा सीप सिक्न सक्नेछन्।

**विदेशी टिमका अनुभवी नेपाली**

नेपाली राष्ट्रिय पुरुष कबड्डी टिमका कप्तान घनश्याम रोका मगर काठमाडौँ माभरिक्स टिमका तर्फबाट एनकेएलमा खेल्दैछन्। उनले विदेशी टिमबाट समेत खेलेर व्यवसायिक अनुभव हासिल गरेका छन्। केही समयअघि उनले भारतको पुनामा आयोजित प्रो कबड्डी लिगमा दोस्रोपटक भारतीय टिमका तर्फबाट खेलेका थिए। यसपटक उनि सम्मिलित हरियाणा स्टिलर्स टिम प्रतियोगितामा सर्वप्रथम भएको थियो। गतवर्ष उक्त टिमले दोस्रो स्थान प्राप्त गरेको थियो।

नेपालको तर्फबाट उनले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउँदै चौंथो बंगबन्धु कबड्डी च्याम्पियनसीपमा उत्कृष्ठ खेलाडी पुरस्कार पाएका थिए। उनी सम्मिलित टिमलेने जुनियर वर्ल्डकप च्याम्पियनसीपमा तेस्रो स्थान प्राप्त गरेको थियो। यस्तै अन्य उत्कृष्ठ खेलाडीहरुको खेल एनकेएलमा हेर्न पाइनेछ। बिराटनगर टिममा कल्याण भुजेल, धनगढीमा पदमबहादुर बिष्ट, हिमालयनमा गणेश पार्की, जनकपुरमा राजु टमाटा र पोखरा टिममा प्रदिप मिझारजस्ता अनुभवी खेलाडीहरु मार्की खेलाडीका रुपमा सम्मिलित भएका छन्।

**टेलिभिजनबाट प्रत्यक्ष प्रसारण**

भारतमा क्रिकेटको इण्डियन प्रिमियर लिग आइपिएलपछि दर्शकहरुले सबैभन्दा बढी हेर्ने खेलमा प्रो कबड्डी लिग परेको छ। नेपालमा पनि टेलिभिजन तथा सामाजिक सन्जालमार्फत हुने प्रत्यक्ष प्रसारणले नेपाली दर्शकहरुको सङ्ख्या बढाउने अनुमान आयोजकहरुको गरेका छन्। यसले गर्दा कबड्डीको लोकप्रियता आगामी दिन बढन लाने अपेक्षा गर्न सकिन्छ। कबड्डीको प्रतियोगिता हेर्नका लागि पनि दर्शकहरुले धेरै समय खर्च गर्नु पर्दैन। एउटा खेलको कूल अबधि ४० मिनेटको हुनेछ।

**स्थायी संरचना बन्दै**

यसपालि एनकेएल प्रतियोगिताको नारा ‘माटोदेखि मैदानसम्म’ तय गरिएको छ। नेपालले कबड्डी खेलाडीहरुलाई एशियाली खेलकुद, दक्षिण एशियाली खेलकुदलगायत विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउँदै आइरहेको भएता पनि हालसम्म पनि कबड्डी खेल अभ्यासका लागि आफ्नै खेल मैदान तथा कभर्ड हलको व्यवस्था हुन सकेको छैन। काठमाडौंको त्रिपुरेश्वरस्थित दशरथ स्पोर्टस कम्लेक्समा रहेको कभर्ड हलमा बिहानदेखि विभिन्न खेलका अभ्यास हुने भएकाले खेल अभ्यासका लागि खेलाडीहरुले कुर्नुपर्ने बाध्यता रहेको छ।

यसैबीच नेपाल कबड्डी संघद्वारा कागेश्वरी मनहरा नगरपालिकामा कबड्डी ग्राउण्ड निर्माण कार्य शुरु गरिएको छ। काठमाडौंमा कबड्डी खेल्नका लागि मैदानको अभाव भैरहेको स्थितिलाई समाधान गर्ने यो ग्राउण्ड निर्माण गर्न लागिएको हो। कबड्डीका लागि स्थायी संरचना बनाउने लक्ष्य राखिएको संघले जनाएको छ। एनकेएल प्रतियोगिताको उदघाटनका दिन दर्शक रङ्गशालास्थित कभर्डहलमा लेजर सोका साथै विभिन्न रंङ्गीचङ्गी साङ्गितिक कार्यक्रम पनि आयोजना गरिने भएको छ। प्रतियोगिता अवधिभर आयोजना हुने कूल १९ वटै खेलको एकैपटक टिकट किन्न सकिने व्यवस्था गरिएको छ। पुरुषहरुको कबड्डी लिगपछि महिलाहरुको लिग आयोजना गरिने लक्ष्य राखिएको छ।

नेपालले एशियाली खेलकुद, दक्षिण एशियाली खेलकुदजस्ता महत्वपूर्ण प्रतियोगितामा पदक भित्र्याउन सक्ने सम्भावित खेलका रुपमा कबड्डीलाई अग्रपङ्तिमा राख्न सकिन्छ। तर सरकारले यो खेललाई उच्च प्राथमिकता दिदैं खेलप्रतिको आकर्षण बढाउँदै लैजाने बाताबरण बनाउनु पर्दछ। अहिले नेपाली युवाहरु अवसरको खोजीमा विदेशतर्फ आकर्षित भैरहेको अवस्थामा नेपालमा खेलेर पनि जीवनयापन गर्न सकिने अवस्था निर्माणका लागि नेपाल कबड्डी प्रिमियर लिग एनपिएलजस्ता प्रतियोगिता उपयुक्त पहल हुने अपेक्षा गरिएको छ। (लेखक खेल पत्रकार हुनुहुन्छ)

## महिला प्रदेशसभा ...

जिबछी यादवले महिला प्रदेशसभा सदस्यलाई बजेट विनियोजन तथा निर्णय प्रकृयामा सहभागी गराउनुपर्ने र महिला राजनीतिकर्मीले उठाएका समस्यालाई गम्भिरतापूर्वक लिन आग्रह गर्नुभयो। उहाँले महिला प्रदेशसभा सदस्यले सरकारलाई दिने सुझावको कुनै सुनुवाई नहुने गरेको आरोप समेत लगाउनुभयो।

त्यसैगरी अर्का प्रदेशसभा सदस्य अनिताकुमारी साहले महिला प्रदेशसभा सदस्यको आवाज सरकारले नसुन्ने गरेको गुनासो गर्नुभयो। कार्यक्रममा प्रदेशसभा सदस्य शाहिदा खातुनले आफूमाथि भएको आक्रमणको विषयमा जानकारी गराउँदै सरकारले न्यायकालागि कुनै पहल नगरेको बताउनुभयो।

## मुख्यमन्त्री र ...

यद्यपि, विधेयकमा नेपालीबाहेक पाँचवटा भाषाहरूलाई सरकारी कामकाजको भाषाको रूपमा प्रस्तुत गरिएको छ।

विधेयकले प्रस्तुत गरेको भाषाहरूमा मैथिली, भोजपुरी, बज्जिका, हिन्दी र अंग्रेजी छन्। तथ्यांकअनुसार मधेश प्रदेशमा जम्मा ०.२३ प्रतिशत जनताले मात्रै हिन्दी भाषा बोल्छन्, जसले हिन्दीलाई १०औं स्थानमा ल्याउँछ। उता, अंग्रेजी त झन् कम संख्यामा, जम्मा ४५ जनाले मात्रै प्रयोगमा ल्याएको पाइन्छ। यस सन्दर्भमा यी दुई भाषाको समावेशीकरणले केही विवादको उत्पत्ति गराएको छ। विशेषगरी प्रदेशका भाषिक अधिकारका लागि लड्दै आएका समूहहरूले यसलाई गलत नियतसहितको कदमका रूपमा व्याख्या गरेका छन्।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# प्रयागराज महाकुम्भ मेला : धार्मिक पर्यटन प्रवर्द्धन गर्न उपयोगी

**सिबी अधिकारी**

भारत, १० माघ (रासस)।

गङ्गा, यमुना र सरस्वती नदीको सङ्गमस्थल प्रयागराजमा हाल विश्वप्रसिद्ध महाकुम्भमेला चलिरहेको छ। भारतको प्रयागराजमा हरेक १२ वर्षमा आयोजना हुने उक्त कुम्भमेलाको पहिलो दिनमै एक करोडभन्दा बढी व्यक्तिले स्नान गरेको भारतको उत्तर प्रदेश पर्यटन विभागले जनाएको छ।

यही माघ १ गतेदेखि सुरु भई ४५ दिनसम्म सञ्चालन हुने उक्त कुम्भमेलामा हिन्दू धर्मावलम्बीहरूले भारतको सबैभन्दा पवित्र नदी मानिने गङ्गा, यमुना र पौराणिक सरस्वती नदीको सङ्गममा स्नान गर्ने गर्छन्। मेलामा ४५ करोड तीर्थालु भक्तजन आउने विभागले अनुमान गरेको छ। हिन्दू धर्मावलम्बीहरूको पवित्र भूमि प्रयागराजमा महाकुम्भ स्नान गर्न भारत, नेपालसहित विभिन्न मुलुकबाट लाखौँको सङ्ख्यामा तीर्थयात्री आउने गरेका छन्।

उत्तर प्रदेश पर्यटन विभागका महानिर्देशक ईशा प्रियाले एक सय ४४ वर्षपछि परेको महाकुम्भमेलाको विशेष महत्व रहेको भन्दै प्रयागराज महाकुम्भको अद्भुत आनन्द लिन सबैमा आह्वान गर्नुभयो। उहाँले सीमापार धार्मिक पर्यटन प्रवर्द्धनका लागि महाकुम्भमेला उपयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो।

**मेलाको रौनक**

मेलामा स्नान गर्न आउने तीर्थालु भक्तजनका लागि आवश्यक सुरक्षा व्यवस्था मिलाइएको छ। मेलालाई दृष्टिगत गर्दै भारत सरकारले २५ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको जनाएको छ। मेलाको आकर्षणका रूपमा इलाहवाद सडकका चोकचोकमा सूचनामूलक ब्यानर, पोष्टर र झिलीमिली बत्तीले झकिझकाउ पारिएको छ। तीन नदीको सङ्गमस्थलमा दायाँ र बायाँ किनारमा तीर्थालु भक्तजनका लागि बासस्थानका निम्ति स्तर अनुसारको सुविधासम्पन्न अस्थायी 'टेन्ट हाउस'हरू निर्माण गरिएका छन्। रातको समयमा टेन्ट हाउस क्षेत्रमा झिलीमिली बत्तीले मेलाको रौनकलाई थप बढावा दिएको छ।

मेलामा बास व्यवस्थापनका लागि अस्थायी शिविर, स्वास्थ्य शिविर रहेका छन्। एक लाखभन्दा बढी टेन्ट स्थापना गरिएको छ। मेलामा नागाबाबा, अघोरी बाबाको भिन्न आकर्षण देखिन्छ। मेलाको सुरक्षालाई मध्यनजर गर्दै नदीको पानीमुनि २५ हजारभन्दा बढी सिसी क्यामेरा जडान गरिएका छन्। भारतीय सञ्चारमाध्यमले जनाएअनुसार मेलामा पुग्ने तीर्थालुको सहजताका लागि प्रयागराज बिमानस्थलबाट सात हजारभन्दा बढी बसको व्यवस्था गरिएको छ। पाँच सय ५० सटल बस, १३ हजारभन्दा बढी रिक्सा, १३ हजार ट्रेन, तीन हजार विशेष ट्रेनको व्यवस्था मिलाइएको छ।

यसैगरी, मेला क्षेत्रमा ४३ अस्थायी अस्पताल स्थापना गरिएका छन्। सरकारी र निजी गरी ६ हजार शय्याको व्यवस्था छ। एयर एम्बुलेन्ससहित सडक एम्बुलेन्सको व्यवस्था गरिएको छ। हेलिकोप्टरबाट मेलाको अवलोकन गर्ने प्रबन्ध समेत गरिएको छ।

भारतीय राष्ट्रपति द्रौपदी मुर्मु तथा प्रधानमन्त्री नरेन्द्र मोदीसमेत महाकुम्भमेला अवलोकन गर्न पुग्ने बताइएको छ।

**दश करोड बढीले स्नान गरे**

महाकुम्भमेलामा हालसम्म १० करोडभन्दा बढी व्यक्तिले पवित्र स्नान गरेको भारतीय समाचार एजेन्सीहरूले उल्लेख गरेका छन्। दैनिक एक करोड हाराहारी भक्तजन महाकुम्भ पुगिरहेका छन्। मेलाको बिहीबार १०औँ दिनमा पनि तीर्थालुको उत्तीकै घुइँचो रहेको छ।

पवित्र नदीहरूको सङ्गममा स्नान गर्दा पापमोचन हुने र आत्मा शुद्ध हुने जनविश्वास छ। मेलामा सहभागी धर्मावलम्बीहरूको ताँती अन्तरिक्षबाट देख्न सकिने बताइएको छ। दैनिक एकदेखि डेढ करोड भक्तजनले गङ्गा स्नान गरेको भारतीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्।

ज्योतिषीहरूले निश्चित ग्रह र नक्षत्रहरूका आधारमा नुहाउने मिति र शुभ समय तय गरेका छन्। त्यसका आधारमा स्नानका लागि सोमबारबाहेक अन्य पाँच दिन शुभ रहेको बताइएको छ। कुम्भमेला हिन्दू धर्मावलम्बीको एक महान् स्नान पर्व हो। यो मेला पृथ्वीमा जम्मा १२ स्थानमा लगाउन सकिने कुरा शास्त्रहरूले उल्लेख गरेका भए पनि हालसम्म जम्मा पाँचवटा स्थान मात्र पत्ता लागिसकेका छन्। ती पाँच स्थानमध्ये भारतका चार ठाउँमा प्रत्येक तीनरडस्-तीन वर्षको अन्तरालमा लाग्दछ भने एक कुम्भस्थल नेपालमा पर्दछ। कुम्भमेला हुने स्थलहरूमा इलाहावाद (उत्तर प्रदेश), उज्जैन (मध्य प्रदेश), नासिक (महाराष्ट्र), हरिद्वार (उत्तराखण्ड) र चतराधाम (बराहक्षेत्र, सुनसरी नेपाल) रहेका छन्।

**के हो महाकुम्भमेला**

यो मेला एक स्थानमा प्रत्येक १२ वर्षमा लाग्ने गर्दछ। हिन्दू धर्मका सबै ग्रन्थमा कुम्भमेलाको वर्णन गरिएको पाइन्छ। धर्म ग्रन्थका अनुसार जो व्यक्ति कुम्भमा स्नान गर्दछ त्यो सम्पूर्ण पापबाट मुक्त भएर पुण्यको भागी बन्नेछ भन्ने मान्यता रहेको छ। भारतका चार कुम्भमेलाका सन्दर्भमा सूर्य, चन्द्र एकै राशिमा परेको, बृहस्पति वृष राशि तथा मौन अमावश्या र श्रीपञ्चमीको बीचमा कुम्भ सङ्क्रान्ति परेका अवस्थामा महाकुम्भ योग पर्छ र यसैलाई महाकुम्भ भनिन्छ।

कुम्भमेला भारतको तीन ठाउँमा लाग्ने गरेको थियो। तर २०५९ बैशाख १ गतेदेखि नेपालको सुनसरी जिल्लास्थित चतराधाममा समेत लाग्न थालेको छ।

**'डिजिटल' महाकुम्भ**

भारतको संस्कृति मन्त्रालयका अनुसार महाकुम्भमेलामा विज्ञान प्रविधिको पनि भरपुर उपयोग गरिएको छ। प्रयागराज महाकुम्भमा अध्यात्म र नवप्रवर्तनको असाधारण मिश्रणका रूपमा 'सेट' गरिएको छ। आधुनिक प्रविधिलाई अँगालेर उच्च-टेक सुरक्षा उपायहरूदेखि डिजिटल भूमि 'आवंटन'हरू र 'इमर्सिभ भर्चुअल' वास्तविकता अनुभवहरू, महाकुम्भ २०२५ ले भक्तहरूलाई पूर्वाधार, सुरक्षा र डिजिटल सेवाहरूमा व्यापक तरिकाका साथ महाकुम्भ परम्परा र प्रविधिबीचको मेलमिलापको नमूना बनेको छ। भक्तजनको सुरक्षाका लागि विशेष साइबर सुरक्षा व्यवस्था सुरु गरिएको छ।

**साइबर सुरक्षा**

उत्तर प्रदेश सरकारले प्रिन्ट, डिजिटल र सोसल मिडियासहित प्रत्येक प्लेटफर्म प्रयोग गर्ने निर्णय गरेको छ। एआई, फेसबुक, एक्स र इन्स्टाग्राम जस्ता प्लेटफर्महरू शोषण गर्ने गिरोहहरूको अनुसन्धान गरिरहेका छन्। व्यापक जनचेतना अभियानका लागि मोबाइल साइबर टोली पनि तैनाथ गरिएको छ।

उत्तरप्रदेश पर्यटन विभागका अतिरिक्त रणनीतिक अधिकृत आकाश दीपले प्रयागराज महाकुम्भले ऐतिहासिक रेकर्ड बनाएको बताउँदै धार्मिक पर्यटन अभिवृद्धिमा टेवा पुग्ने धारणा राख्नुभयो। बनारसी टुरिजम गिल्टका अध्यक्ष सन्तोषकुमार सिंहले १२ वर्षपछि लाग्ने कुम्भमेलामा हिन्दू नेपाली पर्यटकलाई सहभागी हुन आह्वान गर्नुभयो। आगरा ट्राभल एजेन्ट एसोसिएसनका महासचिव कौशलेन्द्र सिंहले महाकुम्भ मेलाले क्षेत्रीय धार्मिक पर्यटन प्रवर्द्धनमा सघाउ पुर्‍याउने बताउनुभयो।

महाकुम्भमेलामा पहिलो दिन मकर सङ्क्रान्तिका दिन महामण्डलेश्वरले शाही स्नान गर्ने चलन छ। त्यसो त श्रीपञ्चमी, शिवरात्रि र पूर्णिमा पनि शाही स्नान गर्ने प्रचलन छ। उक्त दिन शाही स्नानका कारण केही समय सर्वसाधरण भक्तजनका लागि केही असुविधा हुने समेत आयोजकको भनाइ छ। अन्य दिन भने भक्तजनहरूले सहज रूपमा महाकुम्भ स्नान गर्नेगरी विभिन्न घाटहरू निर्माण गरिएको छभने घाटसम्म पुग्नका लागि मोटरबोट तथा डुङ्गाहरू पर्याप्त मात्रामा उपलब्ध छ।

महाकुम्भको इतिहास पुरानो छ। केही ग्रन्थहरूका अनुसार सत्ययुगमा पहिलो महाकुम्भमेला आयोजना भएको मानिन्छ। जसको सुरुआत शङ्कराचार्यले गरेका थिए। जानकारहरूका अनुसार कुम्भको परम्परा हजारौँ वर्ष पुरानो हो।

नेपालबाट पनि उल्लेख्य सङ्ख्यामा तीर्थालुहरू महाकुम्भ मेला गइरहेका छन्। साथीभाइ, परिवार र समूह बनाएर नेपालीहरू प्रयागराजमा स्नानका लागि गएका हुन्। समुद्र मन्थनको समयमा देवता र दानवहरू अमृत पाउनका लागि लडिरहेका थिए, सोही क्रममा भगवान् इन्द्रका छोरा जयन्त अमृत भाँडा लिएर भागिदिए, त्यसपछि ती दानवहरू पनि कलश लिन जयन्तको पछि लागे। यस समयमा राक्षस र देवताहरूबीच भयानक युद्ध भयो। जब जयन्त अमृत कलश लिएर भागे, अमृत कलशका केही थोपा भने चार ठाउँमा खसे, जहाँ अहिले महाकुम्भ आयोजना गरिएको छ। त्यसबेलादेखि, प्रयागराज, उज्जैन, नासिक, हरिद्वारमा १२-१२ बर्षको अन्तरालमा कुम्भमेला आयोजना गरिएको पाइन्छ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### रेल दुर्घटनामा परी १३ जनाको मृत्यु

जलगाउ, महाराष्ट, १० माघ (रासस/एएनआई)।

जलगाउ रेल दुर्घटनामा परी मृत्यु हुने यात्रुको सङ्ख्या १३ पुगेको जलगाउँ जिल्ला प्रशासक आयुष प्रसादले बिहीबार जानकारी गराउनुभएको छ। उहाँले भन्नुभयो, "बुधबार साँझ भएको रेल दुर्घटनामा परी अहिलेसम्म १३ जनाको मृत्यु भएको छ भने १० जना घाइते भएका छन्।" बुधबार साँझ नजिकैको ट्र्याकबाट कर्नाटक एक्सप्रेस रेल अघि बढिरेका समय पुष्पक एक्सप्रेसको डिब्बामा आगलागी भएपछि यात्रुहरू रेलबाट झर्ने क्रममा गुडिरहेको रेलले धेरै मानिसहरूलाई ठक्कर दिएको थियो। घाइतेहरूलाई सिभिल अस्पताल जलगाउँमा भर्ना गरिएको छ र उनीहरूको उपचार भइरहेको छ।रेल मन्त्रालयले जलगाउँ रेल दुर्घटनामा परी मृत्यु भएकाका परिवारलाई जनही एक लाख ५० हजार भारतीय रूपैयाँ दिने घोषणा गरेको छ। रेलमन्त्री अश्विनी वैष्णवको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "जलगाउँ रेल दुर्घटनामा परी मृत्यु भएकाका परिवारलाई जनही  एक लाख ५० हजार भारतीय रूपैयाँ, गम्भीर घाइतेलाई ५० हजार रूपैयाँ र सामान्य घाइते भएकालाई  पाँच हजार रूपैयाँ दिने घोषणा गरिएको छ। यसैबीच, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रेल दुर्घटनामा मृत्यु भएका नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवार तथा आफन्तजनप्रति समवेदना व्यक्त गर्नुभएको छ। उहाँले सामाजिक सञ्जाल एक्समा जारी एक सन्देशमा भन्नुभएको छ, "महाराष्ट्रको जलगाउँमा रेलको लिकमा भएको दुःखद दुर्घटनाबाट मर्माहत छु। शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै घाइतेसबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।" महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फड्णवीसले पनि जलगाउँ रेल दुर्घटनामा ज्यान गुमाएकाका परिवारलाई पाँच लाख भारतीय रुपैयाँ दिने घोषणा गर्नुभएको छ। घाइतेको सम्पूर्ण उपचार खर्च पनि प्रदेश सरकारले व्यहोर्ने उहाँले बताउनुभयो।

### अमेरिकी फिर्तीपछि अर्बपति ब्लुमबर्गले संयुक्त राष्ट्र जलवायु निकाय कोष जुटाउने

वासिङ्टन, १० माघ (रासस/एएफपी)।

राष्ट्रपति डोनाल्ड ट्रम्पले पेरिस सम्झौताबाट दोस्रो पटक अमेरिका फिर्ता हुने घोषणा गरेपछि अर्बपति माइकल ब्लुमबर्गले आफ्नो फाउन्डेसनले संयुक्त राष्ट्र जलवायु परिवर्तन निकायलाई वित्तीय सहयोग गर्ने घोषणा गर्नुभएको छ। ब्लुमबर्गको यो हस्तक्षेपले संयुक्त राष्ट्र फ्रेमवर्क कन्भेन्सन अन क्लाइमेट चेन्ज (युएनएफसिसिसी) लाई पूर्ण रूपमा वित्तपोषण गर्ने लक्ष्य राख्दछ। यद्यपि अमेरिकाले आफ्नो योगदान रोकेको छ। अमेरिकाले साधारणतया युएनएफसिसिसी सचिवालयको बजेटको २२ प्रतिशत योगदान गर्दछ। युएनएफसिसिसीको परिचालन खर्च २०२४-२०२५ मा आठ करोड ८४ लाख युरो अनुमान गरिएको छ। "सन् २०१७ देखि २०२० सम्म सङ्घीय गैर-कार्यको अवधिमा सहर, राज्य, व्यवसाय र सार्वजनिक क्षेत्रले हाम्रो राष्ट्रको प्रतिबद्धतालाई सम्मान गर्न चुनौती स्वीकार गरेका थिए र अब हामी फेरि तयार छौँ", जलवायु महत्त्वाकांक्षा र समाधानका लागि संयुक्त राष्ट्रका विशेष दूत ब्लुमबर्गले एक विज्ञप्तिमा भन्नुभयो। अमेरिकी सङ्घीय असंलग्नताका कारण सिर्जित खालीपनलाई भर्न ब्लुमबर्गले कदम चालेको यो दोस्रो पटक हो। सन् २०१७ मा ट्रम्प प्रशासनले पेरिस सम्झौताबाट पहिलो पटक फिर्ता लिएपछि ब्लुमबर्गले युएनएफसिसिसीलाई सहयोग गर्न एक करोड ५० लाख डलरसम्म दिने वाचा गर्नुभएको थियो। उहाँले 'अमेरिकाको प्रतिबद्धता' नामक पहल पनि सुरु गर्नुभएको छ। यसले सङ्घीय स्तर बाहेकका अमेरिकी जलवायु प्रतिबद्धताहरूको अनुगमन र प्रतिवेदन गर्दछ। यसले विश्वलाई अमेरिका अझै पेरिस सम्झौताको पूर्ण पक्ष हो जस्तै प्रगति अनुगमन गर्न सक्षम बनाउँछ। ब्लुमबर्गले यो पटक पनि अमेरिकी रिपोर्टिङ दायित्वहरू पालना गर्ने आफ्नो प्रतिबद्धतालाई दोहोर्‍याउनुभयो। "यस्ता योगदानहरू संयुक्त राष्ट्र जलवायु परिवर्तन सचिवालयलाई मुलुकहरूलाई पेरिस सम्झौता अन्तर्गत आफ्ना प्रतिबद्धताहरू पूरा गर्न र कम उत्सर्जन, लचिलो, र सुरक्षित भविष्यको लागि अघि बढ्न महत्त्वपूर्ण छन्", संयुक्त राष्ट्रका जलवायु प्रमुख साइमन स्टिलले भन्नुभयो।

### इजरायली सहरले ट्रम्पको नाममा छिमेकलाई नयाँ नाम दिँदै

तेल अभिव, १० माघ (रासस/एएनआई/टिपिएस)।

जुडिया क्षेत्रमा रहेको इजरायली शहर माले अदुमिमका मेयरले बुधबार आफ्नो नगरपालिका क्षेत्रको एक महत्त्वपूर्ण भागलाई 'ट्रम्प वन' (टी-१) को नाममा पुनर्नामकरण गर्ने घोषणा गरेका छन्। "ट्रम्पको दोस्रो कार्यकाल विशेष गरी जुडिया र सामरियामा यहुदी समुदायलाई बलियो बनाउने एउटा अनौठो अवसर हो", मेयर गाइ यिफ्राचले भन्नुभयो, "हामी ट्रम्पलाई विश्वास गर्छौं र उहाँले आगामी महिनामा यस क्षेत्रमा निर्माण कार्यलाई बढाउनु हुने विश्वास छ।" पहिले ई-१ वा मेभासेरेट अदुमिम भनेर चिनिने माले अदुमिमको नगरपालिका सीमाभित्र पर्दछ र क्षेत्र सी अन्तर्गत छ। त्यहाँ इजरायलसँग प्रशासनिक र सुरक्षा अधिकार छ। आवास सङ्कटलाई कम गर्न तीन हजार घरका लागि बनाइएका योजनाहरू बाइडन प्रशासन लगायत अन्तर्राष्ट्रिय बिरोधद्वारा अवरुद्ध भएका छन्। मेयर यिफ्राचले टी-१ लाई 'रणनीतिक सम्पत्ति' का रूपमा वर्णन गर्नुभयो र इजरायली नेताहरूलाई माले अदुमिम र जेरुसलेम बीच भौगोलिक निरन्तरता स्थापित गर्न आह्वान गर्नुभयो। इजरायली-प्यालेस्टिनी सम्झौताअनुसार इजरायलले क्षेत्र सी वर्गीकृत क्षेत्रमा पूर्ण प्रशासनिक र सुरक्षा नियन्त्रण राख्दछ। ट्रम्पको नाममा पहिले पनि गोलन समुदाय राखिएको थियो। ट्रम्पले गोलन हाइट्समा इजरायली सार्वभौमिकता स्वीकार गरेपछि इजरायलले नयाँ समुदायको नाम रामत ट्रम्प राखेर राष्ट्रपतिलाई सम्मान गरेको थियो। इजरायली नेताहरूले बाइडन प्रशासनद्वारा लगाइएका प्रतिबन्धहरू फिर्ता गर्ने कार्यादेशहरूको प्रशंसा गरेका छन्। तिनमा प्यालेस्टिनी विरुद्ध हिंसाको आरोपमा जुडिया र सामरियाका बासिन्दाहरूमाथिका प्रतिबन्धहरू, संयुक्त राष्ट्र राहत र कार्य एजेन्सी युएनआरडब्लुए) लाई कोष बन्द गर्ने र अन्तर्राष्ट्रिय अपराध अदालतका दाधिकारीहरूमाथि पुनः प्रतिबन्ध लगाउने समावेश छन्।

# आयोजक सन्यासी क्लब फाइनलमा

**दैनिक समाचारदाता**
**राजविराज, १० माघ ।**

आयोजक सन्यासी युवा क्लब पोखरिया सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित छैठो मेयरकप २०८१ फुटबल प्रतियोगिताको फाइनमा प्रवेश गरेको छ ।

प्रतियोगिता अन्तर्गत आज बिहीवार सम्पन्न सेमिफाइनलमा फ्युजन फुटबल टिम उदयपुरलाई शन्युका बिरुद्ध एक गोल अन्तरले पराजित गर्दै आयोजक सन्यासी क्लब उपाधी नजिक पुगेको हो ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा सन्यासी युवा क्लब पोखरिया सप्तरीको संयोजन तथा छैठो मेयरकप २०८१ फुटबल प्रतियोगिता सञ्चालन समितिद्वारा सञ्चालित प्रतियोगिता अन्तर्गत भोली शुक्रवार दोश्रो सेमिफाइनलमा त्रियुगा स्पोर्टस क्लब फत्तेपुर सप्तरी र पिडरबोनी फुटबल टिम पिडरबोनी सिरहा बीच प्रतिष्पर्धा हुने सन्यासी युवा क्लबका सचिव श्रवण कुमार चौधरीले जानकारी दिए ।

सप्तरीसहित सिरहा, महोत्तरी, उदयपुर र मोरङ्गका १० टिमको सहभागिता रहेको सो प्रतियोगिताका बिजेता टिमले नगद रु. ५५ हजार तथा ट्रफि र उपबिजेता टिमले नगद रु. ४५ हजार तथा कप प्राप्त गर्ने आयोजकले जनाएको छ । सन्यासी युवा क्लवले गत २०४३ सालदेखि फुटबल प्रतियोगिता सञ्चालन गर्दै आएको छ ।

# पेट्रोलियम पदार्थबाट ३७ अर्ब राजस्व संकलन

पर्सा, १० माघ (राससं) ।

चालु आर्थिक वर्षको छ महिनामा वीरगञ्जबाट रु ८७ अर्ब ३२ करोड ३९ लाख ४० हजार बराबरको डिजेल,पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास ( एलपिजी), एभिएशन टर्बाइन फ्युल (एटिएफ),मट्टितेल आयात हुँदा रु ३६ अर्ब ९६ करोड ३६ लाख २४ हजार राजस्व सङ्कलन गरेको छ ।

गत आवको सोही अवधिको तुलनामा चालु आवको छ महिनामा पेट्रोलियम पदार्थ आयातबाट चार अर्ब बढी राजस्व सङ्कलन भएको छ । चालु आवको छ महिनामा रु ४२ अर्ब २४ करोड बराबरको चार लाख ७९ हजार सात सय ९९ किलोलिटर डिजेल आयातबाट रु १८ अर्ब ९८ करोड राजस्व सङ्कलन भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ ।

चालु आवको छ महिनामा दुई लाख २० हजार तीन सय ८५ किलोलिटर आयात भएको पेट्रोलबाट रु १२ अर्ब ४७ करोड राजस्व दाखिला भएको छ ।

चालु आवको छ महिनामा रु आठ अर्ब नौ करोड बराबरको ८९ हजार तीन सय ८० किलोलिटर (एटिएफ) आयातबाट रु एक अर्ब एक करोड तथा रु ३६ करोड २० लाख बराबरको चार हजार २० किलोलिटर मट्टितेल आयातबाट रु १० करोड राजस्व सङ्कलन भएको जनाइएको छ ।

आव २०८०/८१ को छ महिनामा रु ८८ अर्ब ७८ करोड बराबरको पाँच थरिका पेट्रोलियम पदार्थ आयात भएको थियो । गत आवको सोही अवधिमा पेट्रोलियम पदार्थको आयातबाट रु ३२ अर्ब ९५ करोड ४१ लख ४६ हजार राजस्व सङ्कलन गरेको थियो ।

# ब्राउन सुगरसहित दुई पक्राउ



**दैनिक समाचारदाता**
**सिरहा, १० माघ ।**

प्रहरीले सिरहाबाट लागूऔषध ब्राउन सुगरसहित दुई जना पक्राउ गरेको छ । प्रहरीले बुधबार सिरहा नगरपालिका १७ भन्सार गेट छेउबाट उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा गोलबजार नगरपालिका ७ का २५ वर्षीय हृदय सिंह र गोलबजार नगरपालिका ८ का २२ वर्षीय धर्मेन्द्र यादव छन् ।

प्रहरीका अनुसार, मोटरसाइकलमा आइरहेका उनीहरूमध्ये चालक सिंहको साथबाट ब्राउन सुगर बरामद भएको हो ।

सिंहको साथबाट बरामद गरिएको ब्राउन सुगर ५ ग्राम २०० मिलिग्राम रहेको जिल्ला प्रहरी कार्यालय, सिरहाले जनाएको छ । उनीहरूलाई लागूऔषध नियन्त्रण ब्यूरो, जनकपुर र इलाका प्रहरी कार्यालय, माडरको टोलीले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

सिरहा जिल्ला अदालतबाट म्याद थप गरी उनीहरूमाथि थप अनुसन्धान कार्य भइरहेको सिरहाका प्रहरी प्रवक्ता डीएसपी वीरेन्द्रकुमार पासवानले जानकारी दिए ।

# धनुषामा ६ महिनामा २६ जनाको मृत्यु

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १० माघ ।**

बितेका छ महिनामा सडक दुर्घटनामा परी धनुषामा २६ जनाको मृत्यु भएको छ । जिल्ला ट्राफिक कार्यालयका अनुसार उक्त अवधिमा भएका पाँच सय छ दुर्घटनामा २६ जनाको मृत्यु भएको हो । अघिल्लो वर्षको सोही अवधिमा पाँच सय ९८ दुर्घटनामा ३९ जनाले ज्यान गुमाएका थिए ।

उक्त कार्यालयले समीक्षा अवधिकमा ट्राफिक नियम उल्लङ्घन गरेका १२ हजार पाँच सय ९३ सवारीसाधनका सञ्चालकबाट रु ९७ लाख ५८ हजार पाँच सय राजस्व सङ्कलन भएको जनाएको छ ।

गत आवको सोही अवधिमा १४ हजार दुई सय ३६ सवारीसाधनबाट रु एक करोड छ लाख ५४ हजार पाँच सय राजस्व सङ्कलन भएको थियो ।

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
**राजविराज**

प.सं. २०८१/८२
च.नं. ५३६६
मिति: २०८१/१०/०८

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।**

७६ नं. को रैती सानो नसिब गोपको नाममा दर्ता रहेको साविक प्रगन्ना जगदर मौजे रायपुर हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. रायपुर वडा नं. ७ हाल परिवर्तित रुपनी गा.पा. वडा नं. २ वस्ने सत्य नारायण यादव-१ जगदीश प्रसाद खेरवार -१ योगेन्द्र प्रसाद खेरवार -१ दिपेन्द्र प्रसाद खेरवार -१ महेन्द्र प्रसाद खेरवार -१ समेत ५-जनाको यस कार्यालयमा द.नं. ८५३९ मिति २०८१/०८/२५ गतेमा संयुक्त निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८१/१०/०८ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हक्दाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला । म्याद भित्र कसैको हक्दावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ४३९ | नक्टीरायपुर | ९क | ४७७ | ०-८-१३ | सानो नसिब गोप | यो जग्गा रामजी खेडवारको नम्वरी हो भनि कैफियत महलमा उल्लेख रहेको, किसान महलमा पिपराही वार्ड नं. २ बस्ने बिलेटी खेडवार उल्लेख रहेको |

श्री लक्ष्मी प्रसाद [illegible]
(प्रमुख मालपोत अधिकृत)

**राजबिराज नगरपालिका**
**६ नं.वडा कार्यालय**
**राजबिराज,सप्तरी**
**मधेश प्रदेश,नेपाल**

पत्र संख्या : २०८१/०८२
चलानी नं.: ८१५
मिति :-२०८१।१०।१०

राजबिराज नगर पालिका वडा नं. ६ बाट जारी गरिएको सुचना ।

बिषय :- सुचना प्रकाशित गरिदिने बारे ।

श्री ......................................

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी साविक इटहरी बिष्णुपुर वडा न. ४ हाल बिष्णुपुर गा.पा. वडा नं. ७ बस्ने स्व. मुनिलाल यादवको छोराहरु देवेन्द्र यादव, महेन्द्र नारायण यादव र सुरेन्द्र प्रसाद यादव को नीति २०८१/१०/०२ को दर्ता न. ५९२ को संयुक्त निबेदन मांग हुन आएको हुदा सो सम्बन्धमा स्व. मुनिलाल यादवको नाममा राजबिराज नगरपालिका वडा न. ७ हाल वडा न. ६ स्तिथ रहेको ३२/४ को क्षेत्रफल ०-०-५.२५ बिटोरी जग्गा कायम रहेको र मुनिलाल यादवको मिति २०६७/०५/१७ गते र पत्नी प्रयागी देवी यादव को मिति २०६९/०१/१३ गते मृत्यु मा मृत्यु भईसकेकोले उक्त जग्गा मुनिलाल यादवको छोराहरु देवेन्द्र यादव, महेन्द्र नारायण यादव र सुरेन्द्र प्रसाद यादवको नाउमा सिफारिस गरिदिएमा अरु कसैको हकदावी ,अंस रहेको भए सो आफु संग भएको सबुत प्रमाण लिई यस वडाका वडा कार्यालयको समयमा ३५ पैतिस दिन भित्र आई दिनु होला अन्यथा कानुन बमोजिम भई जाने छ ।

शशी कुमार चौधरी
शशी कुमार चौधरी
वडा अध्यक्ष

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*